पञ्ञा नरानं रतन

परियत्ति बुलेटीन PARIYATTI BULLETIN

नेपाल बौद्ध परियत्ति शिक्षा

# परियत्ति
PARIYATTI BULLETIN बुलेटीन

अंक-११ बु.सं. २५५६ बि.सं. २०६९ श्रावण ने.सं. ११३२ ई.सं. २०१२

# बुद्धलाई वहाँकै शब्दबाट चिनौं

✍ **भिक्षु ज्ञानपूर्णिक महास्थविर**, सहशिक्षाध्यक्ष, ने.बौ.प.शि.

ऐतिहासिक सप्रमाण हुनुभएका बुद्ध गौतम तथागत हुनुहुन्छ । उहाँ ई.पू. ६२३ मा पश्चिम नेपालको शालोद्यान लुम्बिनीमा जन्मनुभएको हो । उहाँको बुबा कपिलवस्तुका शाक्याधिपति राजा शुद्धोदन हो भने ममतामयी आमा रानी महामायादेवी हुनुहुन्छ । जन्म भएको ५-औं दिनमा उहाँलाई जोतिषाचार्यहरूले सिद्धार्थ भनी नामांकित गरिए । सबै अर्थलाई सिद्ध गर्नसक्ने भन्ने यसको भाव हो ।

शाक्याधिपति राजा शुद्धोदनले सिद्धार्थ कुमारलाई गृहबन्धनमा बाँध्न राख्न सक्नाका लागि त्यस अवस्थामा दिनसक्ने सम्पूर्ण भौतिक सुख-सुविधाहरु प्रदान गरिराखेका थिए । १६-वर्षको युवावस्थामा सर्वसुन्दरी अनि विभिन्न गुणले युक्त भएकी, लक्षणले पूर्ण भएकी, विना दागकी चरित्रवती भएकी, सुवर्णमूर्ति स्वरूप बिम्बा, यशोधरासँग विवाह गराई चालीस हजार सखीहरु पनि व्यवस्था गरिदिए । १३-बर्षसम्म राजकीय भौतिक सुखसयलमा हुर्केको, कामभोग सुख विलासमा डुबेको, पुरूष विनाका कामपिपाशु यौवनमत्ता महिलाहरूको बीचमा नृत्यगीत वाद्यवादनले रमाइरहेका राजकुमार सिद्धार्थले २९-वर्षको उमेरमा जीवन र जगत्को यथार्थतालाई बुझे । मात्र एक्लो छोरो जन्मकै दिन ती सबैलाई थुक फालेझैं फाली महाभिनिष्क्रमण गर्नुभयो । एक योजन (८ माइल) क्षेत्रफल फराकिलो र अग्लो भएको सप्तरत्नले भरीभराऊ भएको एउटा सुवर्ण घडा, तीन यावुत (६ माइल) क्षेत्रफल फराकिलो र अग्लो भएको सुवर्ण घडा र आधा योजन (४ माइल) क्षेत्रफल फराकिलो र अग्लो भएको सुवर्ण घडा गरी ठूल-ठूला तीनवटा सुवर्ण घडाहरु पनि यस अन्तर्गत पर्दछ । वास्तविक सम्पत्तिका मालिकका रूपमा विचार गर्ने हो भने विश्व ब्रह्माण्डमा उहाँ जस्तो अर्बपति, खर्बपति शंखपतिका रूपमा उहाँको दाँजोमा आउन सक्ने सम्पत्तिवालाहरु को होला ? त्यसैले उहाँको गृहत्यागलाई महाभिनिष्क्रमण भनी सम्मान गरी सम्बोधन गरिएको हो ।

गृहत्यागपछि पात्रको भरोसामा जिउनु भई अकिञ्चन रूपमा भवसंसारको दुःखको मूल जरो खोज्नुभएर त्यसबाट मुक्त हुनको निमित्त भएर उहाँले त्यस युगमा प्रचलित सबै धार्मिक आस्था एवं विश्वासहरूलाई आफ्नो अनुभूतिद्वारा गहन रूपमा राम्ररी अनुभव गर्नुभई दुष्कर तपश्चार्याका नाममा छाला र हड्डी मात्र बाँकि रहने गरि, अहिले नै पो मर्ने हो कि पछि नै मर्ने हो कि ? मरी नै हालि सक्यो कि भन्ने अवस्थासम्म पुग्ने गरी उहाँले कष्टप्रद आत्मकलमथ आत्मदाह निरर्थक चर्या पनि गर्नुभयो । सबै खालि खालि, सबै काम नलाग्ने, सबै बेकार तथा निसार भनी बुझी ती सबै हठ चर्यालाई छोड्नुभयो । मध्यम प्रतिपदाको आर्य मार्ग अवलम्बन गरी आफ्नो पाइला बढाएपछि मात्र उहाँलाई आफुले खोजेको जाति, जीर्णत्व, रोग र मरणबाट मुक्त भएको धर्म प्राप्त भयो । चार आर्यसत्यलाई तीन परिवर्त, १२ आकार प्रकारले यथाभूत ज्ञानदर्शनले राम्ररी विशुद्ध हुनु भयो । अनि मात्र उहाँले यस विश्व ब्रह्माण्डमा अनुत्तर सम्यक सम्बोधि प्राप्तभएको घोषणा गर्नुभो । त्यसबेला देखि उहाँको जाति क्षीण भयो । ब्रह्मचर्य उत्तमाचरण



आचरण गरि सकें, गर्नुपर्ने सबै कार्य सम्पन्न भयो । अब पछि गर्नुपर्ने केही पनि बाँकि रहेन, यो नै मेरो सर्वन्तिम जन्म हो । अब यसपछि पुर्नभव मेरो निम्ति रहेन ।" भनी विश्व ब्रह्माण्डलाई यथार्थ जानकारी दिलाउनुभयो । उहाँमा धर्मचक्षु, ज्ञानचक्षु, विद्या, प्रज्ञा र आलोक उत्पन्न भयो । सर्वज्ञता ज्ञानसहित उहाँ बुद्ध हुनुभयो ।

अहिलेको अवस्थाबाट हिसाब गर्ने हो भने उहाँ जन्मनुभएको २६३६ वर्ष भयो । उहाँ बुद्ध हुनुभएको २६०१ बर्ष भईसकेको छ । बुद्धत्व प्राप्ति पछि अनवरत रूपमा ४५-वर्षसम्मको लोककल्याणकारी अमृतमय मार्ग प्रदर्शनद्वारा अतुलनीय लोकसेवा कार्य सम्पन्न गरिसकेर ८०-वर्षको उमेरमा आजभन्दा २५५६- वर्षपूर्व उहाँले मल्लराज्यको कुशीनगरको २ शालवृक्ष बीच महापरिनिर्वाण प्राप्त गर्नुभयो ।

*बाँकी पृष्ठ ४ मा*

## परियत्ति प्रतिज्ञा

**नेपाल बौद्ध परियत्ति शिक्षा अध्ययन गरी मैले भगवान् बुद्धको उपदेशहरु सिक्ने मौका पाएँ । यसको लागि अखिल नेपाल भिक्षु महासंघप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । नेपाल बौद्ध परियत्ति शिक्षाबाट प्राप्त ज्ञानलाई मैले आफ्नो मन, वचन र कर्मले पालन गर्नेछु । मैले यो ज्ञान मेरो परिवार र समुदायलाई पनि सिकाउनेछु । यसरी नै परियत्ति शिक्षाको विद्यार्थी भएको नाताले बुद्धधर्मको विकास र संरक्षणमा सदा संलग्न भई सक्दो योगदान दिने कार्यमा निरन्तर लाग्नेछु ।**

निर्देशक
**भिक्षु ज्ञानपूर्णिक महास्थविर**
अध्यक्ष, अखिल नेपाल भिक्षु महासंघ
सह शिक्षाध्यक्ष, ने.बौ.प.शिक्षा

सल्लाहकार
**भिक्षु धर्मगुप्त महास्थविर**
केन्द्रीय परिक्षा नियन्त्रक
**भिक्षु निग्रोध स्थविर**
केन्द्रीय सह परिक्षा नियन्त्रक

सम्पादन मण्डल
**भिक्षु जनक**
**त्रिरत्न मानन्धर**
**मन्दिप महर्जन**

कम्प्यूटर सेटिङ्
**दिपक महर्जन**

**यस परियत्ति बुलेटीन प्रकाशनार्थ सहयोग गरिदिनु भई परियत्ति शिक्षाप्रति माया र सद्भाव राख्नुहुन विनम्र अनुरोध गर्दछौं ।**

सम्पर्क सचिवालय
**विश्व शान्ति विहार**
मीनभवन, काठमाडौं
फोन/फ्याक्स्. ४६२२२५०
P.O.Box : 8973 NPC 327
E-mail : vishwa@ntc.net.np
www.nepalpariyatti.com

## नेपाल बौद्ध परियत्ति शिक्षा र थेरवाद बुद्धिष्ट एकेडेमी *सम्पादकीय*

लुम्बिनी बौद्ध विश्वविद्यालयले यस सालको श्रावण सत्र देखी पाँचवटा शिक्षणसंस्थाहरुलाई बुद्धशिक्षाको स्नात्तकोत्तर तहको अध्यापन गर्न सम्बन्धन दिएको छ । बुद्धशिक्षाका विभिन्न पाँचवटा विधाहरूमा केन्द्रित गरी पाँचवटा शिक्षण संस्थाहरूलाई यस बौद्ध विश्वविद्यालयले सम्बन्धन दिएको छ । बुद्धशिक्षामा अभिरूचि राख्नेहरूका लागि यो धेरै सुखद् विषय भएको छ । ती पाँच शिक्षण संस्थामध्ये बुद्धधर्मको प्रारम्भिक र आधारभूत शिक्षा अध्यापन गर्न थेरवाद बुद्धिस्ट एकेडेमीले सम्बन्धन प्राप्त गरेको छ । विश्वशान्ति विहारमा अध्यापन गराइने उक्त एम.ए तहको शिक्षाको अध्यापन शुरू भइसकेको छ । थेरवाद वा प्रारम्भिक बुद्धशिक्षाप्रति अभिरूचि राख्नेहरूका लागि यो एउटा धेरै गौरवको कुरा हो । पचास वर्ष अगाडीदेखि परियत्तिशिक्षा प्रचारप्रसारमा सम्मिलित भैरहेकाहरूलाई यसकुराले अझ बढी सुखद् अनुभूति दिएको छ ।

नेपाल बौद्ध परियत्ति शिक्षाको दशवर्षे पाठ्यक्रमकै अधिकांस विषय समेटिएर उक्त तहको लागि पाठ्यक्रम निर्माण भएकोले परियत्ति सद्धम्मपालक तथा परियत्ति सद्धम्म कोविद अध्ययन गरिसकेकाहरूलाई उक्त तहमा अध्ययन गरी अर्को औपचारीक डिग्री सजिलै प्राप्त गर्न सुअवसर प्राप्तभएको छ भन्दा अत्युक्ति हुने छैन ।

यस एकेडेमी औपचारीक तवरले छुट्टै रूपमा गठन भएतापनि यसलाई परियत्ति शिक्षाकै निरन्तरताको रूपमा लिन सकिन्छ । थेरवाद जनशक्ति निर्माणमा नेपाल बौद्ध परियत्ति शिक्षाले जति योगदान पुऱ्याउँदै आइरहेको छ - त्यसलाई अझ बढावा यस एकेडेमीले प्रदान गर्ने कुरामा आशंका छैन । त्यसकारण परियत्तिका शिक्षक, विद्यार्थी तथा परियत्तिका लागि योगदान गर्दै आइरहनुभएका सबै श्रद्धालुहरूले यसलाई नेपालमा थेरवाद बुद्धशासन सुप्रतिष्ठित गराउने संस्थाको रूपमा श्रद्धापूर्वक लिन आवश्यक छ ।

बुद्ध शिक्षाको उच्च तहको रूपमा यस संस्थाले बुद्धधर्मको अनुसन्धान पक्षमा विद्यार्थी हरूलाई विशेष रूपले केन्द्रित गर्न सघाउने छ । त्यसकारण परियत्ति शिक्षामा उपाधि प्राप्त विद्यार्थीहरूले यस कक्षामा समावेश भएर आफुमा भएको अनुसन्धान प्रतिभालाई प्रस्फुरित गर्न मौका प्राप्त गर्न सकिन्छ । यसले नेपालमा अभाव भैरहेको थेरवाद बुद्धधर्म सम्बन्धि अनुसन्धानको गतिविधिलाई बढाउन विशेष भूमिका निर्वाह गर्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

थेरवाद बुद्धधर्मलाई प्रारम्भिक बुद्धधर्मको रूपमा लिने गर्दछ । बुद्धधर्मका आधारभूत शिक्षाहरू समावेश यस निकायलाई बुद्ध धर्मको जुनसुकै निकायका बुद्धधर्म अध्ययन गर्नको लागि पुर्वाधारको रूपमा लिने भएकोले यसको आफ्नै महत्व छ । मूल रूपमा थेरवाद बुद्धशिक्षामा आधारित बुद्ध धर्मको उच्च अध्ययन गर्ने मौका नेपालमै प्राप्त भएको छ । लामो समयको प्रतिक्षापछि प्राप्त यस सुअवसरलाई सम्पूर्ण धर्मप्रेमी तथा विज्ञहरूद्वारा सिञ्चित हुनु आवश्यक छ। जसरी श्रद्धालुहरूको योगदान स्वरूप परियत्ति शिक्षा ५० औं वर्षमा पदार्पन भएको छ, त्यसरी नै यसलाई विना विघ्नबाधा निरन्तरता दिई संरक्षण र संवर्द्धन गर्न सकेमा थेरवाद बुद्धशासन चिरस्थाई मात्र हुने नभई बुद्ध जन्मभूमी नेपाल थेरवाद बुद्धधर्मको अन्तर्राष्ट्रिय केन्द्रको रूपमा सुपरिचित गर्न सक्षम हुनेछ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

- त्रिरत्न मानन्धर, प्रबन्ध सम्पादक

♦♦♦

# पोखरामा परियत्ति शिक्षाको विकास

✍ तिलकमान गुभाजू

परियत्ति शिक्षाको विषयमा पोखरामा पहिले धेरैलाई थाहा थिएन । उनीहरु परियत्ति के हो भन्न सक्दैनथे । बौद्धहरु केहीले परियत्ति शिक्षा भनेको बौद्ध शिक्षा हो भन्दथे तर त्यसबारे अरु कुरा भन्न सक्दैनथे । भिक्षु श्रद्धानन्द महास्थविरले त्यसैबेला अर्थात् आजभन्दा करिव ८ वर्ष अघि नै परियत्ति शिक्षा पढाउन चाहनुभएको थियो, तर अरूले त्यसमा रूची नराखेको कारण पढ्ने पढाउने भन्दाभन्दै समय त्यसै बित्दै गएको थियो ।

एक पटक आफ्नो काम विशेषले सुश्री सविता धाख्वा एक वर्षजति पोखरामा बस्नुभयो । उहाँ पोखरा रहुन हुँदा बुद्धधर्मको प्रचार-प्रसार र संगठनबारे विचार विमर्श हुन्थ्यो । उहाँले बुद्धधर्मलाई माथि लैजाने परियत्ति शिक्षाले हो भन्दै त्यसको महत्व, आवश्यकता र औचित्यबारे बताउनु हुन्थ्यो । उहाँको कुरा सुनेर केही युवाहरु पयित्ति शिक्षा पढ्न तयार भएका थिए ।

परियत्ति बुद्ध शासनको आधार शिक्षा हो । बुद्ध शासनमा परियत्ति, प्रतिपति र प्रतिवेध गरी ३ किसिमका शिक्षाको व्यवस्था छ । परियत्ति भनेको बुद्धवचन अध्ययन अध्यापनको सैद्धान्तिक पक्ष हो भने प्रतिपति भनेको त्यो शिक्षाको व्यवहारिक प्रयोग पक्ष हो । त्यस्तै प्रतिवेध भनेको त्यसको अभ्यास र साधनाबाट प्राप्त हुने मार्गफल र निर्वाण हो । त्यसैले बौद्धहरु परियत्ति शासन भएन भने प्रतिपति शासन हुँदैन र प्रतिपति शासन भएन भने प्रतिवेध शासन रहँदैन । उनीहरु ती तीनै विषयलाई एक अर्काको परिपूरकका रूपमा लिन्छन् र त्यसको अध्ययन अध्यापन जोड दिन्छन् ।

नेपालमा २०२० सालमा परियत्ति शिक्षा सबभन्दा पहिले त्रिशूलीमा शुरू भएको हो । भिक्षु बुद्धघोष महास्थविरको नेतृत्वमा तथा अनागारिका सुशीला तथा उपासक धर्मरत्न शाक्य त्रिशूलीको सक्रियतामा शुरू भएको शिक्षाले पछि व्यापकता पाएको हो । परियत्ति शिक्षा संचालनको आधिकारीक संस्था अखिल नेपाल भिक्षु महासंघ हो । भिक्षु महासंघले त्यसको उचित व्यवस्थापनका लागि विभिन्न समितिहरु गठन गरेको छ । ती मध्ये नेपाल बौद्ध परियत्ति शिक्षा मूल समिति सबभन्दा ठूलो संस्था हो । त्यो समिति अन्तर्गत विभिन्न ६ वटा विभाग रहेका छन् । ती हुन् – व्यवस्थापन समिति, पाठ्यक्रम निर्माण तथा व्यवस्थापन, परीक्षा संचालन, दीक्षान्त समारोह, शिक्षक-शिक्षिका तालिम तथा प्रशिक्षण र परियत्ति अनुसन्धान ।

संस्थागत विकास हुँदै गएको परियत्ति शिक्षाले बौद्ध शासनिक क्षेत्रमा एक किसिमले मान्यता पाइसकेको छ । सरकारबाट पनि आधिकारीक मान्यता प्राप्त गर्ने प्रयास भइरहेको छ । विद्यालयहरूमा पनि यसको पठन-पाठन र परीक्षाको व्यवस्था गरिएपछि यसको लोकप्रियता बढेको छ । काठमाडौंका विद्यालयहरूमा यसको माग बढ्दो छ । केही वर्षदेखि जिल्लाहरूमा यसको केन्द्र खोलिएको छ । पोखरामा धर्मशीला बुद्ध विहारस्थित युवा बौद्ध संघले यसको सुरूवात अर्थात् २०६२ सालमा प्रयास गरेको हो । भिक्षु श्रद्धानन्दको संयोजकत्वमा एउटा समिति गठन गरिएपछि युवा बौद्ध संघका पदाधिकारी र सदस्य आफैले परियत्ति शिक्षाको परीक्षा दिएका थिए । त्यसबेला राम्रो सुरूवात भएको थियो तर त्यसले निरन्तरता पाएन ।

तैपनि केही व्यक्तिहरु परियत्तिका पुस्तक पढ्न रूचाउँथे । उनीहरु मध्ये केही परीक्षा दिन समेत तयार भएपछि एउटा अनुकूल वातावरण बनेको थियो । लगतै काठमाडौं स्थित विश्व शान्ति विहारमा बस्नुहुने भिक्षु आचारो र भिक्षु नायको आउनु भएर परियत्ति शिक्षा पढाउन थालेपछि यसले सकरात्मक मोड लियो । उहाँहरूले विहार वरिपरिका विद्यार्थीहरु संकलन गरी फकाई फुलाई ल्याएर पढाउनु हुन्थ्यो । त्यसरी प्रयास गरिएपछि १-२ वर्षको अन्तरालमा परीक्षा दिनेहरूको संख्या ३० भन्दा बढी पुगेको थियो ।

त्यसले एउटा प्रेरणापद सन्देश दियो । परीक्षा पनि निरन्तर चल्यो । त्यसबेला स्कूल पढ्नेहरु मात्र होइनन्, स्कूल र क्याम्पस पढाउने र प्राध्यापक गर्नेहरु पनि प्रत्येक वर्ष परीक्षामा सम्मिलित भएका थिए । पृथ्वी नारायण क्याम्पसको प्राध्यापन पेशावर निवृत्त हुनुभएका उदयबहादुर अमात्य र प्राध्यापक अमिरमान श्रेष्ठले पनि सात कक्षासम्मको परीक्षा दिएर सबैलाई उत्साहित बनाउनुभएको थियो ।

पोखरामा परियत्ति शिक्षालाई लोकप्रिय पार्नमा धर्मशीला विद्वतवृत्तिले पनि विशेष योगदान गरेको छ । विद्वतवृत्ति व्यवस्थापन



समितिले विद्वत वृत्तिबाट सम्मानित भिक्षु र अनागारिकाहरुको प्रवचन विद्यालय र क्याम्पसहरूमा आयोजना गर्न थालेपछि त्यसको प्रभाव पनि सकरात्मक रहेको छ । परिणाम स्वरूप २०६७ सालको परीक्षामा पोखराका प्रतिष्ठित विद्यालय कुमुदिनी होम्सको पाँच कक्षाका विद्यार्थीहरूलाई प्रारम्भिक प्रथम वर्षको पठन-पाठन गराई करिब ९० जना विद्यार्थी परीक्षामा सम्मिलित भएका थिए । त्यसै वर्ष पोखराबाटै लम्जुङ्ग वेशी शहर र स्याङ्जाको फेदी खोलामा पुगेर परीक्षाको व्यवस्था गरिएको थियो । जुनबेला वेश शहरमा १९ जना र फेदी खोलामा १३ जना गरी जम्मा १२२ जना पुगेको थियो । परीक्षा दिनेको बढ्दो संस्थाले यसमा लागेकाहरु सबै उत्साहित भएका थिए ।

२०६८ सालको परीक्षामा कुमुदिनी होम्सका ५ र ६ कक्षाका १८० जनाले परीक्षा दिएका थिए भने वेशी शहरका २३ जना र विहारमा ७ जना (प्रवेश प्रथम वर्ष) गरी जम्मा २१० जना परीक्षामा सम्मिलित भएको थियो । यस वर्ष परियत्ति शिक्षा पढाई परीक्षा तयार गर्न भिक्षु श्रद्धानन्द र भिक्षु आचारोका साथै भिक्षु मेधंकर, अनागारिका क्षान्तिवती र वेशी शहरमा भिक्षु मिलिन्द र भिक्षु सुभद्दोले ठूलो प्रयास गर्नुभएको थियो ।

परियत्ति शिक्षा पढ्ने विद्यार्थीहरूको संख्या बढ्दै गए अनुसार यसको व्यवस्थापनमा पनि उत्तिकै कठिनाई भएको छ । व्यवस्था कसरी मिलाउने एक चुनौतिको रूपमा आएको छ । ती सबै समस्या समाधानका लागि उत्तममान बुद्धाचार्यको संयोजकत्वमा धर्मशीला बुद्ध विहार परियत्ति केन्द्र संचालन समिति गठन गरियो । जसको अन्य पदाधिकारी र सदस्यहरूमा प्रकाश उदास, सुशन पौडेल आदि हुनुहुन्छ । समितिलाई आवश्यक सर-सल्लाह दिन सल्लाहकार वर्गमा भिक्षु श्रद्धानन्द, अनागारिका कर्मशीला र तिलकमान गुभाजू हुनुहुन्छ ।

समितिले परियत्ति शिक्षालार्य अझ आकर्षित पार्न र विभिन्न धार्मिक क्रियाकलाप गर्दै यस परियत्ति शिक्षालाई विकास गर्ने ध्येय राखेको छ । ◆◆◆

## बुद्धलाई वहाँकै शब्दबाट चिनौं ..........

बुद्धत्व प्राप्ति पछि सात सप्ताह उहाँले बोधिवृक्ष र त्यसको वरिपरि एक/एक सप्ताह बिताइ सकेपछि आफैले अवबोध गर्नुभएको ज्ञानलाई राम्ररी निरीक्षण, संश्लेषण, परीक्षण, विश्लेषण, अनुमार्जन, परिमार्जन अनि प्रत्याक्षण गर्नुभई त्यसबाट प्राप्त विमुक्तिसुखलाई यथार्थतः अनुभव गर्नुभयो । यो बुद्धको अतुलनीय विशेषता हो ।

आठौं सप्ताहमा सहम्पति ब्रह्माबाट तीन चोटिसम्म अनुनय विनयपूर्वक धर्मदेशनाको निम्ति याचना र अनुरोध भएपछि त्यसलाई उहाँले स्वीकार गर्नुभयो ।

बोधिवृक्षमूलबाट ऋषिपतन मृगदावन, वाराणसीतर्फ पैदलयात्रा गईराख्नुभएको अवस्थामा बोधिवृक्ष र गयाको बीचमा उहाँले उपक नाम गरेको एक आजीवक भेट्नुभयो । बुद्धको प्रभावशाली ओजश्वी, तेजश्वी, संयमित इन्द्रिय, प्रशन्न प्रफुल्लित आकृति र व्यक्तित्व देखी त्यस आजीवक अचम्भित भए; आश्चर्यचकित भए; त्यसैले उनले आफ्नो मनोभावना यसरी प्रकट गरे -

"मित्र, तपाईको इन्द्रिय विशेषरूपले नै निर्मल र चम्किलो रहेको छ; तपाईको रूपलावण्य अति नै सुन्दर, परिशुद्ध, स्वच्छ रहेको छ, तपाई कसलाई उद्देश्य गरी प्रव्रजित हुनुभएको हो ? तपाईको गुरु को हुनुहुन्छ ? तपाईले कसको धर्मलाई रूचाउनु भएको छ ?"

उहाँ तथागतले उपक आजीवकको प्रश्नको उत्तरकोरूपमा यसरी आफैले आफ्नो परिचय दिनुभयो -

"उपक ! मैले सबैलाई अभिभूत पार्नसक्छु, सबैलाई थाहाँ पाईसकेको छु, सम्पूर्ण धर्ममा (क्लेशद्वारा) टाँस्सिने छुइन, सबै कुरालाई त्याग गरिसकेको छु, तृष्णाक्षय भइरहेको (निर्वाणलाई) आलम्बन गर्न पाएको कारणले क्लेशबाट मुक्त भइसकेको छु, स्वयम् आफैले विशेषरूपमा जानी बुझीसकेको मैले कसलाई गुरूकोरूपमा स्वीकारौं !"

"उपक ! मेरो गुरु छैन, म समानको अरु कोही छैन, देवसहितको लोकमा मेरो तुलना गर्नुसक्ने व्यक्तिहरु कोही पनि छैन ।"

"म यस लोकमा अरहन्त हुँ, म समानको कोही पनि छैन, देव मनुष्यहरूको शास्ता हुँ, म एक जना मात्र (सम्पूर्ण धर्महरुलाई) स्वयम् आफैले यथार्थरूपमा बुझ्ने सम्यक्सम्बुद्ध हुँ । क्लेशरूपी आगो शान्त भएको हुनाले शीतल भइसकेको छु, धर्मचक्र प्रवर्तन गर्नका लागि काशी अञ्चलको वाराणसी नगरमा जान लागेको हुँ । अन्धासमान भएको लोकमा (धर्मरूपी) अमृत दुन्दुभी बजाउन जाँदै छु ।"

"मित्र ! तपाईले स्वीकार गर्नुभए अनुसार अन्त नभएको ज्ञानले सम्पन्न हुनुभएको पञ्चमार (क्लेशमार, मृत्युमार, अभिसंस्कारमार, देवपुत्रमार र स्कन्धमार) सबैलाई जितीसक्नुभएको "जिन" कहलाउन योग्य हुनु भएको हुनुहुन्छ त ?" भनी उपकले फेरि प्रश्न राखेको अवस्थामा -

तथागत सम्यकसम्बुद्धले यसरी उत्तर दिनुभयो -

"उपक ! आश्रवधर्मलाई क्षय अवस्थामा पुर्‍याइसकेको म जस्तो व्यक्तिहरूलाई "जिन" भनी सम्बोधन गरिन्छ; मैले हीन, पाप, अकुशल धर्महरूलाई जितीसकेको हुनाले म नै "जिन" हुँ ।"

तथागतको तर्फबाट प्रकट भएका यी स्वःपरिचय गुणहरूलाई यदि हामीले राम्ररी जान्ने बुझ्ने बुझ्ने र राम्ररी सम्झनसक्ने हो भने "बुद्ध" वास्तवमा को हो ? कस्तो हो ? भन्ने कुरा हाम्रो अगाडि स्पष्ट रूपमा प्रष्टिनेछ ।

यही कममा अर्को एउटा स्मरणीय घटना प्रसंग पनि रहेको छ । त्यस प्रसंगलाई पनि प्रस्तुत गर्न पाएमा हामीलाई बुद्धसँग राम्ररी परिचित हुन ठूलो आधार हुने भएकोले त्यस प्रसंगलाई पनि सार्नु यहाँ अगाडि सार्नु प्रासंगिक होला भन्ने ठानेको छु । प्रसंग यसप्रकार रहेको छ -

एक समयमा भगवान् बुद्ध उक्कट्ठा र सेतब्यको बीचमा चारिका गरिरहनुभएको थियो । स्वभाविकरूपमा अघि पछि जस्तै उहाँ खाली खुट्टा हिँडिरहनुभएको थियो । जुन जमीनमा उहाँले पाईला टेक्दैहुनु हुन्थ्यो, त्यस जमिन समतल अनि नरम भईरहेको थियो । भगवान बुद्धको दुवै पाईला पनि समतलको थियो । त्यसैले नाभि (नाइटो) र नेमिसँगै एक हजार आर भएको स्पष्ट चक अंकित भइराखेको थियो । नरम जमिनमा त्यसको स्पष्ट छाप परिरहेको थियो । द्रोण नामक एक ब्राह्मण यी पाइलाहरूका लक्षण देखी अत्यन्त विस्मय-विभोर भइरह्यो ।

अहो, आश्चर्य, अद्‌भुत ! निस्सन्देह यो कोही एउटा मुनष्यको पाइला हुनसक्दैन । हेरौं, यो पादचिन्ह भएको व्यक्ति को हुन सक्ला ? यो जिज्ञासा लिई त्यस पाईलालाई आधार बनाएर त्यहाँ सम्म पुगे, जहाँ भगवान बुद्ध एउटा रूख मुनि ध्यान मग्न भइरहनुभएको थियो । त्यसले भगवान बुद्धलाई आँखा नै झिमिक्क नगरी टोलाएर हेरिरहे । यस्तो शरीर लक्षणले युक्त भएको व्यक्ति त्यसले कहिल्यै देख्न पाएका थिएनन् । साँच्चै, यो व्यक्ति कोही सामान्य व्यक्ति हुनैसक्दैन । त्यसैले कौतुहलतावश उनले भगवान् बुद्धसँग सोधे-

"के तपाई देवता त होइनौ ?"
"ब्राह्मण, म देवता होइन ।"
"के तपाई गन्धर्व त होइनौ ?"
"ब्राह्मण म गन्धर्व पनि होइन ।"
"त्यसो भए तपाई यक्ष त होइनौ ?"
"ब्राह्मण, म यक्ष पनि होइन ।"
"त्यसो भए तपाई मानिस त होइनौ ?"
"ब्राह्मण, म मानिस पनि होइन ।"
-"देवता पनि होइन, गन्धर्व पनि होइन, यक्ष पनि होइन, मानिस पनि होइन त्यसो भए तपाई को हुनुहुन्छौ त ?"

भगवान बुद्धले जवाफ दिनुभयो -

"ब्राह्मण, मलाई बुद्ध भनी ठान । "

अभिञ्ञेय्यं अभिञ्ञातं, भावेतब्बञ्च भावितं ।
पहातब्बं पहीनं मे, तस्मा बुद्धोस्मि ब्राह्मण ॥

"हे ! ब्राह्मण, जुन दुःखसत्य र निरोधसत्यलाई अभिज्ञात गर्न योग्य छ, त्यसलाई मैले अभिज्ञात गरिसकें । जुन मार्गसत्य भाविता गर्न योग्य छ, त्यसलाई मैले भाविता गरिसकें । जुन समुदयसत्यलाई प्रहाण गर्न योग्य छ, त्यसलाई मैले प्रहाण गरिसकें । हे, ब्राह्मण, त्यसैले म बुद्ध हुँ ।"

यस पछि कुनै हदमा पनि कारणबाट जन्म हुनुपर्ने छैन ।

यस्तो मुक्त व्यक्तिले आफुले आफुलाई यी मरणधर्मीहरु, देव, गन्धर्व, यक्ष, ब्रह्मा र मनुष्यहरूको नामबाट पुकार नगर्नु नै उचित हुन्छ । बुद्ध मुक्त व्यक्ति, त्यसैले अद्‌भुत हुनुहुन्छ, अरुभन्दा भिन्न हुनुहुन्छ । उहाँ अरूजस्तो संसारमा लिप्त हुनुहुन्न ।

"जसरी सुन्दर कमलको फूल पानीमा लिप्त हुँदैन, त्यसरी नै म पनि यस लोकमा लिप्त छैन, त्यसैले हे ब्राह्मण म बुद्ध हुँ ।"

यसरी हामीले उहाँ अरहत् सम्यक्सम्बुद्ध तथागतलाई उहाँकै भाषाबाट परिचित हुनु हाम्रो लागि कल्याणकारक, लाभप्रदायक हुन्छ । उहाँलाई अन्य विभिन्न तरिकाले बुझ्नु बुझाउनु भनेको सतही तेरिमा मात्र हुन्छ । ठोस रूपमा उहाँको परिचय दिन सक्षम छैनौं न त त्यो क्षमता हामीमा छ कारण हामी क्लेशमा डुबी त्यसमा लिप्त भईरहेका छौं । सबैले सही अर्थमा बुझी बुद्धलाई अपनाउन सकेमा हाम्रो जीवन धन्य हुने छ भनी सम्झीरहेको छु । आ-आफैले आफ्नो जीवन धन्य बनाउन सक्ने, धन्य भनाउन पाउने हुन सकौं ।

॥ सबैको कल्याण होस् ॥

# बौद्ध परियत्तिको संरचनागत सुधार

✍ सुनिल महर्जन

नेपाल बौद्ध परियति शिक्षा बुद्धशिक्षा सम्बन्धी मुलुककै पहिलो औपचारिक शिक्षण पद्धति हो । करिब ६ दशकयता यसबाट हजारौंले बुद्ध शिक्षाका आधारभुत ज्ञानदेखि लिएर यसका सैद्धान्तिक र दार्शनिक मान्यता र व्यावहारिक ज्ञान सिकेका छन् । त्यसमाथि बालबालिका र किशोरकिशोरीले बुद्ध शिक्षाको माध्यमबाट जीवन मूल्य र नयाँ संस्कार ग्रहण गर्ने र नयाँ परिवेशमा भिज्ने पहिलो खुड्किलोको रूपमा यसलाई लिइएको छ । तर यस शिक्षालाई व्यवस्थित गर्ने, पद्धतिलाई बलियो बनाउने दिशामा जुन महत्वका साथ समयक्रमसँगै विकसित गरिनुपर्ने हो त्यो नहुनु निकै दुःखद् कुरो हो ।

स्थापना भएको ६ दशक बितिसक्दा पनि बौद्ध परियति सञ्चालनमा पद्धति बसाउन सकेका छैनौ । अखिल नेपाल भिक्षु महासंघद्धारा संञ्चालित यस नेपाल बौद्ध परियति शिक्षामा केन्द्रको संरचना गतिशील बनाउन नसक्दा बौद्ध परियति संञ्चालनमा थिति बसाउन नसकेको हो । प्रधान केन्द्र र केन्द्रबीच समन्वयको अभाव, परीक्षाबारे प्रश्न बुझाउने, फारम भने बाहेक प्रधान केन्द्रको सम्बन्ध नहुने, न्यून पूर्वाधार नबनाई केन्द्र सञ्चालन गर्ने परिपाटीले गुणस्तर कायम गर्न नसक्नु वा अव्यवस्थित हुनु, केन्द्रका पदाधिकारीहरूले गुनासो पोख्ने ठाउँ नहुनु, पोखे पनि सुनवाई गर्ने संयन्त्र कमजोर लगायत समस्याहरू भोग्नुपरिरहेको छ । उपत्यका भित्रकै केन्द्र किन नहोस्, प्रधान केन्द्रको उपस्थिति कमजोर छ । यस्तो अवस्था केही भिक्षु, अनागारिका, उपासक उपासिकाको व्यक्तिगत क्रियाशीलताको भरमा मात्र बौद्ध परियति जेनतेन संञ्चालन भइरहेको देखिन्छ । व्यक्तिगत श्रद्धा, त्याग वा लगनशील मात्र नहुँदो हो त बौद्ध परियति के हविगत हुने त्यसै भन्न सकिने अवस्था छैन । यो निष्कर्ष त्यसै हचुवाको भरमा निकालिएको भने अवश्य होइन । यस पंक्तिकारले विगत ७/८ वर्षको दौरानमा बौद्ध परियतिको वार्षिक परीक्षाको सुपरिवेक्षक रूपमा देशका विभिन्न भाग जस्तै कहिले पहाडी जिल्ला अर्घाखाँची, काभ्रे त कहिले झापाको चारआलीमा पुगेर त्यहाँको वस्तुस्थिति अवलोकन र विश्लेषण गरेर बनाएको धारणा हो यो ।

निश्चय नै कलिलो र निकै संवेदनशील अवस्थामा बालमष्तिस्कमा कुनै कुराको छाप परेमा त्यो जीवन पर्यन्त रहने गर्दछ । त्यस दृष्टिले पनि बौद्ध परियतिका माध्यमबाट बुद्धको शील सदाचार, व्यावहारिक ज्ञान सिक्न बालबालिका र किशोरकिशोरीहरूलाई उत्प्रेरित गर्नुपर्छ । यसको अर्थ यो होईन कि निःशुल्क नै बौद्ध परियति शिक्षा पढाउने । यसो भन्दा यो पनि भान नपरोस कि बौद्ध परियतिलाई व्यापारिक बनाउने । सवाल शुल्क वा निःशुल्क नभई बौद्ध परियतिको मूल्य कसरी कायम गर्ने भन्ने हो । विधार्थीहरू मने लागे परीक्षा दिन आउने, नभए नआउने, परीक्षा दिन घरघरमा गएर बोलाउनुपर्ने अवस्थाले बौद्ध परियति कति सस्तो छ भन्ने देखाउँछ । यसले बौद्ध परियति शिक्षकहरूलाई आत्मगौरवको सट्टा हीनभाव जगाउने गर्दछ । शायद सित्तैमा पाएकोले विधार्थीहरूमा यसको मूल्य र यसप्रति गम्भीरता नभएको हो कि? यस समस्या समाधानको लागि बौद्ध परियति शिक्षा पढनका लागि आवेदन भर्न, पुस्तक किन्न वा परीक्षा दिन केही न्यूनतम शुल्क तोकिनुपर्छ । ताकि विद्यार्थी वा अभिभावकहरूमा सित्तैमा पढाईरहेको भएर खासै मूल्य नभएको अनुभूत गर्न नपरोस् ।

अर्को कुरा यसको शिक्षण पद्धतिलाई व्यावहारिक, प्रयोगात्मक र बौद्ध परियत्ति शिक्षालाई जीवनोपयोगी शिक्षाका रूपमा पढाउन शिक्षकहरूका लागि तालिमको कमी रहेको छ । धरैजसो घोकण्ठे विधाका रूपमा पठनपाठन गराउने क्रम रहेको छ । हुनत कक्षा १, २ र ३ पाठयक्रम समयसमापेक्ष र धेरै हदसम्म व्यावहारिक र जीवनोपयोगी तवरले परिर्वतन भएको छ । त्यसभन्दा माथिको पाठयक्रम पनि विश्लेषणात्मक तवरले पठनपाठन गराउन संरचना त सुधार भन्दा शिक्षकहरूलाई तालिम दिएर नै गर्न सक्ने हो । शिक्षकहरूलाई उत्प्रेरित गर्ने काम भने नितान्त जरूरी रहेको छ ।

बौद्ध परियतिसँगै नेतृत्व विकासको तालिम, वक्तृत्वकला, वादविवाद, हाजिर जवाफ जस्ता क्रियाकलापलाई पनि यसको पक्षका रूपमा जोड्नुपर्छ, ताकि विधार्थीहरूले सानै उमेरदेखि नेतृत्व क्षमताको विकास र अभ्यास गर्ने, व्यवस्थापकीय कौशल बढाउने, र अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्ने अवसर पाओस् । समग्रमा बौद्ध परियति शिक्षा जीवनको मात्र नभई समाजको अभिन्न शिक्षाको रूपमा आम मान्यता स्थापित गर्न यसले धेरै टेवा पुऱ्याउँछ ।

आज बौद्ध परियति पढेका वा बौद्ध समाजमा केही योगदान पुऱ्याउँछु भन्ने भावना भएका युवावर्गहरूलाईलाई बौद्ध परियति केन्द्रले समेटिन सकेको छैन । बौद्ध परियति पढेर पाएको ज्ञान र अनुभव आ-आफनो दैनिक व्यावहारमा प्रयोग गर्ने बाहेक उनीहरूले आफनो क्षमता ज्ञान र अनुभवबाट बौद्ध परियतिको विकास र विस्तारको लागि ठोस रूपमा लाभान्वित हुने




संरचना निमार्णको पक्ष आफेलमै परिरहेको छ । बौद्ध परियतिको तृणमुलसम्म काम गरिसकेका जो कोही व्यक्तिलाई पनि नीति, योजना र कार्यक्रम निर्माणको तहमा समावेश गराउन सकिरहेको छैन । यसबाट कति घाटा परिरहेको छ? सम्वद्ध पक्षले विचार पुरयाउनै पर्छ । अहिले संरचनामा सुधार गर्न तत्परता देखाउनु यसको दक्ष बौद्ध संस्कृतिसँग अभिन्न रूपले गाँसिएको छ ।


नेपालको स्थविरवाद बुद्ध धर्म पुनःजागरण यताको कालखण्डमा बुद्ध धर्मको विकास र विस्तारमा बौद्ध परियतिले खर्दिलो योगदान पुरयाएकै छ । भविष्यमा यसको स्वर्णीम ईतिहास कायम गरिराख्न र यसको माध्यमबाट समाजमा थप योगदान पुऱ्याउन आज देखिएका यावत समस्याहरूको निदान गरी अघि बढ्नुको विकल्प छैन । समस्याको वस्तुनिष्ठ अध्ययन गरेर समाधानका मार्ग पहिल्याउन सकिन्छ । समाधान वा जीवनको दुःखलाई ईन्कार गरेर समाधन र निर्वाणको बाटोमा कदापि पुग्दैनौ । यसउसले हाम्रो चिन्तन पद्धति, पुरानो मानसिकता र बुझाईको तौरतरिकालाई बदल्नु सर्वप्रथम आवश्यक रहेको छ । बुद्ध धर्मको विकासलाई केन्द्र विन्दुमा राखेर हुने रचनात्मक बहस, उठाईने प्रश्न, स्वस्थ आलोचना र टिकाटिप्पणीलाई निषेध गर्ने परम्पराले विचारको परिर्वतन वा सत्य निकट पुग्न सकिदैन । स्वतन्त्र चिन्तनलाई बढावा दिएको बुद्धको कालाम सुत्रको मर्मले पनि यही नै भनिन्छ ।


♦♦♦


**आफ्ना बालबालिकाहरूलाई बौद्ध परियत्ति शिक्षा पढ्न दिइ नैतिकबान र सत्चरित्रवान बनाउन सहयोग पुऱ्याऔं ।**

# बु.सं. २५५५ को परीक्षा परिणामका सचित्र तथ्यांकहरू






'सब्ब दानं धम्म दानं जिनाति'

## साधुवाद ज्ञापन



दिवंगत पिता **कुलरत्न तुलाधर** र माता **चिनीमाया तुलाधर**को पुण्यस्मृतिमा उहाँहरुको निर्वाण कामनार्थ चित्राशोभा तुलाधर, सपरिवार, तीनधारा, कुलरत्न मार्गबाट यस अंक प्रकाशन गर्नको लागि प्रायोजन गरिदिनु भएको हो । उहाँहरुलाई नेपाल बौद्ध परियत्ति शिक्षा साधुवाद ब्यक्त गर्दछ ।

## बु.सं. २५५५ (वि.सं.२०६८ साल) माघ र फागुनमा परियत्ति परीक्षा संचालनार्थ विभिन्न केन्द्रका लागि सुपरिवेक्षकहरु

| क्र.सं | केन्द्रको नाम | सुपरिवेक्षहरूको नाम |
|---|---|---|
| १ | शाक्यसिंह विहार, थैना | धर्म रत्न शाक्य/दिपक राज शाक्य |
| २ | गणमहाविहार प. केन्द्र, गणबहाल | दामोदर शाक्य |
| ३ | धर्मकीर्ति विहार, नघल | प्रदिप शाक्य |
| ४ | यशोधरा बौद्ध प. केन्द्र, थैना | हेरा रत्न/शुक्रराज/विश्व/आशारत्न/सनम/बुद्धरत्न/शान्त रत्न/ अमिन राज/विविन राज/सोनी/निकेश/तिजल रत्न/सुरेन्द्र/सतिस |
| ५ | न. म. श्रीकीर्ति विहार, कीर्तिपुर | कमला शाक्य |
| ६ | प्रणिधिपूर्ण महाविहार, बलम्बु | भिक्षु सरणंकर |
| ७ | ज्योति विहार, चापागाउँ | सुनिल महर्जन |
| ८ | दीपंकर परियत्ति शिक्षालय | ज्ञानी नानी शाक्य |
| ९ | मुनि विहार, भक्तपुर | ओभासो शाक्य/सुमन कार्की |
| १० | जितापुर गन्धकुटी विहार, खोकना | तेज नारायण मानन्धर |
| ११ | परोपकार मा.वि., भीमसेनस्थान | संगीना बज्राचार्य |
| १२ | अमरापुर विहार, बुंगमती | मदन तुलाधर |
| १३ | विश्व शान्ति विहार, मीनभवन | संगिता धाख्वा |
| १४ | सिद्धिमंगल विहार, थसि | सानु महर्जन/ नन्दमाया माली |
| १५ | वेलुवनाराम विहार, थेचो | रश्मि शाक्य |
| १६ | अमृत बौद्ध प. शिक्षालय, स्वयम्भू | सरोज मानन्धर |
| १७ | लुम्बिनी परियत्ति केन्द, लुम्बिनी | भिक्षु उपालि |
| १८ | जगत सुन्दर ब्वनेकुथी,चाग: | सविना खड्गी |
| १९ | बोधिचर्या विहार, बनेपा | शुभ रत्न शाक्य |
| २० | सुवर्ण छत्रपुर विहार, लुभु | विवेक महर्जन |
| २१ | ज्ञानज्योति परियत्ति केन्द्र, ठमेल | कृष्ण मान शाक्य |
| २२ | सुलक्षणकीर्ति विहार, चोभार | अ. ध्यानवती |
| २३ | रानीपानी परियत्ति केन्द्र, काभ्रे | प्रल्हाद प्रसाद तिमिल्सिना |
| २४ | यशोधरा बौद्ध विहार, भापा | गौतम महर्जन |
| २५ | बुद्धभूमि बौद्ध प. केन्द्र, टोखा | भिक्षु सद्धातिस्स |
| २६ | अन्तर्राष्ट्रिय बुद्ध प.उ. विहार, बुटवल | श्रामणेर कविन्दो |
| २७ | धर्मशीला बुद्ध विहार, पोखरा | भिक्षु आचारो/भिक्षु मिलिन्दो |
| २८ | आनन्द विहार, तानसेन, पाल्पा | रत्न मान बज्राचार्य |
| २९ | माफखण्ड बुद्ध विहार, माफखण्ड | चन्द्र बहादुर तामाङ्ग |
| ३० | सुगन्ध विहार, रिडी, गुल्मी | सर्जुलाल बज्राचार्य |
| ३१ | धर्मकीर्ति बसुन्धरा प. केन्द्र, बसुन्धरा | अ. कुसुम |
| ३२ | जितवन विहार प. के.,थानकोट | दिलदेवी महर्जन |
| ३३ | श्री सम्यक् शिक्षा प्रा. वि.,धरान | हरि गोपाल महर्जन |
| ३४ | बौद्ध शान्ति परियत्ति केन्द्र ,बुलु | मिम शाक्य |
| ३५ | मातातीर्थ बौद्ध प. शिक्षा, मातातीर्थ | विकास महर्जन |
| ३६ | धापाखेल प.शिक्षा सदन, धापाखेल | अ. सुवर्णवती |
| ३७ | पुण्य उदय विहार, हरिसिद्धि | सतीश शाक्य |
| ३८ | पाटी विहार प. केन्द्र, म. ठिमी | भिक्षु पुण्ण |
| ३९ | ज्ञानकीर्ति वि. प. केन्द्र, नयाँबजार | आरति रंजित |
| ४० | सिद्धार्थ प. शिक्षा केन्द्र, सुर्खेत | शैलेन्द्र शाक्य/भिक्षु नारद |
| ४१ | पद्मचैत्य परियत्ति केन्द्र, बुटवल | अ. शुभा/अ. खेमा/प्रजिना महर्जन |
| ४२ | सनराईज ई. स्कूल, सैंबु | भिक्षु अमतो/निरसन शाक्य |
| ४३ | तौलेश्वर संस्कृत मा.वि, कपिलवस्तु | भिक्षु उदयभद्र |

# "अध्ययनको क्रममा कुनै पनि विषय गाह्रो भएपनि म त्यसलाई सहज रुपमा लिने गर्छु ।"

**अन्तर्वार्ता**

**यस शैक्षिक सत्र बु.सं. २५५५ को परियत्ति सद्धम्म कोविद उपाधि परीक्षामा सर्वोत्कृष्ट हुन सफल भएका भिक्षु अमतो । हाल वहाँ के.एण्ड के. इन्टरनेशनल एकेडेमीमा समाज शास्त्र विषय लिएर स्नातकमा अध्ययनरत हुनुहुन्छ । वहाँसंग भिक्षु जनकले गर्नुभएको संवादको केही अंश ।**



**भिक्षु अमतो**

**१) परियत्ति सद्धम्म कोविदमा बोर्ड प्रथम हुनुभएको छ, कस्तो लागिरहेको छ त तपाईलाई ?**

- बोर्ड प्रथम स्थान हासिल गर्नु आफैमा एउटा गौरव अनि सन्तुष्टिको विषय हो । मलाई खुशी लागेको छ । आफूले गरेको अध्ययन अनि मेहनतको उचित मूल्य पाएकोमा आत्मसन्तुष्टिको अनुभव भईराखेको छ । यस अर्थमा पनि खुशी लागेको छ कि १५ वर्ष अघि वि.सं २०५५ सालमा मैले परियत्ति प्रारम्भिक प्रथम वर्ष (कक्षा १) मा अध्ययन सुरू गर्दा "एकदिन कोविद अन्तिम वर्ष सम्मको अध्ययन पूरा गर्छु" भन्ने मेरो त्यो इच्छा सफलतापूर्वक पूर्ण भएको छ ।

**२) तपाईको सफलताको कारणहरू ?**

- मेरो सफलताको कारणको रूपमा म आफ्नो निरन्तर अध्ययन एवं मेहनतलाई मान्छु । कुनै पनि विषयको अध्ययन गर्ने क्रममा त्यस विषय आफुलाई जतिसुकै गाह्रो भएपनि त्यसलाई सहज रूपमा लिने गर्छु । यस बाहेक अध्ययनकममा सहयोग एवं निर्देशन गर्नुहुने विश्व शान्ति विहारका गुरु भन्तेहरूको सहयोगी स्वभाव, उत्साह, प्रेरणा तथा प्रोत्साहनलाई अर्को प्रमुख कारण मान्छु ।

**३. बौद्ध परियत्ति शिक्षाले तपाईंको भविष्य निर्माणमा अनि जीवनमा कस्तो प्रभाव पारेको छ जस्तो लाग्छ ?**

- बौद्ध परियत्ति शिक्षाले मेरो आफ्नो व्यक्तिगत जीवनमा निकै नै सकरात्मक परिवर्तन ल्याएको अनुभव मैले गरेको छु । हुन त नेपालमा अध्ययन अध्यापन भइरहेको यस परियत्ति शिक्षा अन्य बौद्ध राष्ट्रहरूमा हुने अध्ययन विषयको तुलनामा निकै कम हो । वास्तवमै यो बुद्धशिक्षाको केही अंश मात्रै हो तरपनि यस बौद्ध परियत्ति शिक्षाले भविष्य निर्माणमा ठूलो सहयोग गरेको छ जस्तो मलाई लागेको छ । भविष्यमा बुद्ध शिक्षाको उच्च अध्ययनका निम्ति यस शिक्षाले बलियो आधारको रूपमा सहयोग हुने पनि मलाई विश्वास छ । जीवनका विविध क्षेत्रहरूमा यसले सकरात्मक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका दिएको त छ नै, विशेष रूपमा व्यावहारिक क्षेत्रमा यस शिक्षाले निकै प्रभावित भएको मैले प्रत्यक्ष अनुभव गरेको छु ।

**४. परियत्ति शिक्षा र अन्य सरकारी शिक्षामा के भिन्नता पाउनु भएको छ ?**

- बौद्ध परियत्ति शिक्षा र अन्य सरकारी शिक्षामा फरक त छ नै । सरकारी शिक्षा भौतिक विकास तथा उन्नतितिर्फ अभिप्रेरित गर्ने शिक्षा प्रणाली हो । जबकि बौद्ध परियत्ति शिक्षा आध्यात्मिक विकासतिर अभिप्रेरित शिक्षा प्रणाली हो । मानिसले भौतिक विकास, उन्नति मार्फत जतिसुकै भौतिक सुख प्राप्त गरेपनि मानसिक सुख विना यो सुख अपूरो नै मानिन्छ र त्यही मानसिक सुख प्रदान गर्ने शिक्षा आध्यात्मिक शिक्षा हो जसलाई नेपालमा नेपाल बौद्ध परियत्ति शिक्षाले पूर्ण गरिदिएको छ ।

**५. परियत्ति शिक्षालाई सरकारी शिक्षा मान्यता प्राप्त गर्न बौद्धहरूको आवाज कम भएको जस्तो तपाईंलाई लाग्दैन ?**

- अवश्य लाग्छ । किनभने स्थापना कालदेखि आज सम्मको समयलाई हेर्ने हो भने नेपाल बौद्ध परियत्ति शिक्षाले आफ्नो स्वर्ण जयन्ति मनाउने समय हुनै लागिसकेको छ । तर आजसम्म पनि सरकारी शिक्षा अन्तर्गत धार्मिक शिक्षाको रूपमा यसले मान्यता पाउन सकेको छैन । यसमा पक्कै पनि नेपाली बौद्धहरुको आवाज कम भएको मान्नुपर्छ । धर्म निरपेक्ष राष्ट्र नेपालमा बुद्ध शिक्षामा आधारित परियत्ति शिक्षालाई सरकारी शिक्षा सरह मान्यता प्राप्त गर्न सकेमा बहुजन हित र सुखको निम्ति यसबाट ठूलो आधार प्राप्त हुने भएकोले समस्त बौद्ध जगतले यस कुरातर्फ विशेष ध्यान दिनु आवश्यक छ ।

यसै सन्दर्भमा हाल सरकारी मान्यता प्राप्त लुम्बिनी विश्वविद्यालय अन्तर्गत रहेर सञ्चालन भइरहेको थेरवाद बुद्धिस्ट एकेडेमी (Theravada Buddhist Academy) जहाँ थेरवाद बुद्धधर्ममा स्नातकोत्तर तह (MA) को अध्ययन गराइन्छ । यससँग सहकार्य गरी नेपाल बौद्ध परियत्ति शिक्षाले सरकारी शिक्षाको रूपमा मान्यता प्राप्त गर्न पहल गर्नुपर्छ जस्तो लाग्छ ।

**६. तपाईंले यस परियत्ति शिक्षामा के कस्तो कमजोरी पाउनु भयो ?**

- मैले आफ्नो अध्ययन कालमा परियत्ति शिक्षामा धेरै कुराहरूमा कमजोरी पाएको छु । परियत्ति शिक्षाले संख्यात्मक विकास सँगै गुणात्मक विकासमा पनि जोड दिनु अत्यावश्यक छ । विशेष गरी पाठ्य पुस्तकहरुको अभाव तथा उपलब्धतामा कठिनाई । कक्षा १ देखि ६ सम्मका पाठ्य पुस्तकहरु सहजै उपलब्ध हुने गर्छन् तर माथिल्लो तहका कक्षाहरुमा पाठ्य पुस्तकहरु पाउन निकै कठिन छ । यतिसम्म कि नेपाल भाषा पटक्कै नबुझ्ने विद्यार्थीले समेत नेपाल भाषाका पुस्तक पढेर परीक्षा दिनुपर्ने बाध्यता रहेको छ । यस कारणले गर्दा माथिल्लो तहका कक्षाहरुमा विद्यार्थी संख्या निकै न्यून हुने गरेका छन् । पाठ्य सामग्रीहरुको समयसापेक्ष उचित परिमार्जन सहित पुस्तकाकारमा आउनु नितान्त आवश्यक छ । साथै माथिल्लो तहका कक्षाहरुका निम्ति समयमै कक्षा संचालनको व्यवस्था हुनु आवश्यक छ ।

परियत्ति शिक्षाको अर्को कमजोरी भनेको परीक्षाफल प्रकाशनमा ढिलाई हुनु हो । विगत केही वर्ष यता परीक्षाफल प्रकाशित गर्नमा तोकिएको मितिभन्दा ढिला मात्र प्रकाशित हुने गरेको छ ।

**७. यी कमजोरीहरूलाई कुन रूपमा समाधान र सुधार गर्न सकिन्छ जस्तो लाग्छ ?**

- सर्वप्रथम त पाठ्य सामग्रीहरुको उचित परिमार्जन सहित पुस्तक आकारमा सहज उपलब्ध हुने वातावरणको विकास हुनुपर्छ जसको लागि सम्बन्धित जिम्मेवार व्यक्तित्वहरुले ध्यान दिनु अति आवश्यक ठान्छु । नेपाली भाषाका पुस्तकहरु प्रकाशनमा पनि विशेष ध्यान दिनुपर्छ जस्तो लाग्छ । परियत्ति शिक्षासँग सम्बन्धित सम्पूर्ण जिम्मेवार व्यक्तिहरुले यस शिक्षाको उन्नति एवं विकास तथा प्रचार प्रसारका निम्ति गम्भीरतापूर्वक लाग्नुपर्छ जस्तो लाग्छ । यस कार्यका निम्ति सम्पूर्ण नेपाली बौद्ध जगतको सहयोगको आवश्यक रहेको छ ।

**८. कोविद पछिको भावी योजना के छ ?**

- कोविद अन्तिम वर्ष पछिको भावी योजना भनेको यो भन्दा अझ उच्च तहको बुद्धशिक्षा अध्ययन गर्नु हो । सम्भव भए नेपालमै, होइन भने अन्य बौद्ध राष्ट्रहरुमा बुद्ध शिक्षा अध्ययन गर्नजाने योजना राखेको छु ।

◆◆◆

## परियत्ति शिक्षाका गतिविधिहरू

### वेलुवनाराम विहारमा पुरस्कार वितरण

२५५६ औं बुद्ध जयन्तिको अवसरमा वैशाख २३ गते शनिबारका दिन वेलुवनाराम विहार,थेचोले परियत्ति विद्यार्थीहरूलाई प्रेरणा स्वरूप परियत्ति पुरस्कार वितरण कार्यक्रमको आयोजना गऱ्यो । प्रमुख अतिथि मोतिलाल शिल्पकारले पुरस्कार वितरण कार्यक्रम गर्नुभएको थियो । उक्त कार्यक्रममा सह-केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु निग्रोधको पनि विशेष उपस्थिति थियो ।

### सुलक्षणकीर्ति विहारमा पुरस्कार वितरण

वि.सं २०६९ साल जेठ २७ गतेका दिन सुलक्षणकीर्ति विहारमा पुरस्कार वितरण सुसम्पन्न भयो । उक्त कार्यक्रम पूर्व राज्यमन्त्री कृष्ण गोपाल श्रेष्ठको प्रमुख अतिथ्यमा सुसम्पन्न भएको थियो । उक्त कार्यक्रममा पुरस्कार वितरण उहाँले नै गर्नुभएको थियो । अनागारिका अनोजाबाट पञ्चशील प्रार्थना गराई सुरू भएको उक्त कार्यक्रममा प्रेरणा स्वरूप उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण भएको थियो ।

### डी. ए. भी. स्कूलमा पुरस्कार वितरण

बु.सं २५५६ को अवसरमा जेठ २६ गते शुक्रबारका दिन डी.ए.भी. स्कूल, जावलाखेलमा परियत्तिमा उत्कृष्ट विद्यार्थीहरूलाई प्रमाण-पत्र तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ । श्रीलंकाको महामहिम राजदूत Thosapala Hewage को प्रमुख आतिथ्यमा र ने.बौ.प.शि.का भिक्षु पियदस्सीको विशेष आतिथ्यमा र स्कूलका प्रमुख अनिल केडियाको सभापतित्वमा उक्त कार्यक्रम सुसम्पन्न भएको थियो । उक्त कार्यक्रममा बुद्धजयन्तीको अवसरमा भएको चित्रकला प्रतियोगिता र परित्राण सूत्रपाठ प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो स्थान हासिल गर्न सफल विद्याथीहरूलाई पनि पुरस्कार वितरण पनि गरिएको थियो । उक्त कार्यक्रममा विश्व शान्ति विहारका भिक्षुहरु, ने.बौ.प. शिक्षाका सदस्यहरु साथै बौद्ध महिला संघका सदस्यहरूको पनि उपस्थिति रहेको थियो । कार्यक्रममा परियत्ति विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रमहरु प्रस्तुत गरेका थिए ।

### रानीपानी परियत्ति केन्द्रमा पुरस्कार वितरण

२५५६ औं बुद्ध जयन्तीको अवसरमा वैशाख २४ गते आइतबारका दिन रानीपानी परियत्ति केन्द्र, काभ्रेमा कक्षा १ देखि ९ सम्मका परियत्ति विद्यार्थीहरूलाई प्रमाण-पत्र तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा विश्व शान्ति विहारका श्रामणेर विपूलसारो र श्रामणेर धम्मिको उपस्थित हुनुभएको थियो । बृहत् पञ्चशील ऱ्यालीको पनि आयोजना गरिएको थियो । उक्त कार्यक्रम पञ्चशील प्रार्थना, गीत, धार्मिक नाटक साथै विविध कार्यक्रमका साथ सम्पन्न भएको थियो ।

### जगत सुन्दर ब्वनेकुथीमा पुरस्कार वितरण

वि.सं २०६८ जेठ २७ गतेका दिन जगत सुन्दर ब्वनेकुथी, चागलमा परियत्ति पुरस्कार वितरण कार्यक्रमको आयोजना गरियो । केन्द्राध्यक्ष माया मानन्धरले सभापतित्व गर्नुभएको उक्त कार्यक्रममा स्वागत मन्तव्य त्रिरत्न मानन्धरज्यूले दिनुभएको थियो । पञ्चशील प्रार्थनाबाट शुरू भएको उक्त कार्यक्रममा कक्षा १ देखि ७ सम्मका विद्यार्थीहरूलाई प्रमुख अतिथि पञ्चवीसिंह तुलाधरज्यूले पुरस्कार वितरण गरेका थिए भने विशेष अतिथिका रूपमा धर्मोदय सभाका कोषाध्यक्ष त्रिरत्न तुलाधरको पनि उपस्थिति रहेको थियो ।

### ज्ञानज्योति परियत्ति केन्द्रमा पुरस्कार वितरण

वि.सं २०६९ साल असार १६ गतेका दिन यस केन्द्रमा परियत्तिका विद्यार्थीहरूलाई प्रेरणा स्वरूप पुरस्कार वितरण गरियो । उक्त कार्यक्रममा स्वागत भाषण सुशीलबीर सिंह कंसाकारले दिएका थिए । उक्त कार्यक्रम पछि परियत्तिका विद्यार्थीहरूलाई भोजन गराई स्वयम्भूको सेतो गुम्बामा वनभोज कार्यक्रमको आयोजना पनि गरियो । यसले गर्दा विद्यार्थीहरूमा थप ऊर्जा भरेको जगतरत्न कंसाकारज्यूले बताउनुभएको छ ।

### श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालयमा पुरस्कार वितरण

वि.सं २०६९ श्रावण १८ गतेका दिन यस केन्द्रमा पुरस्कार वितरण कार्यक्रम सुसम्पन्न भएको थियो । प्रमुख अतिथि माननीय वातावरण, विज्ञान तथा प्रविधि मन्त्री डा. केशवमान शाक्यज्यूबाट दीप प्रज्वलन गरी शुरू भएको उक्त कार्यक्रममा ने.बौ.प.शि.का केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु धर्मगुप्त महास्थविरले सभापतिको आसन ग्रहण गर्नुभएको थियो । उक्त कार्यक्रममा स्वागत मन्तव्य द्वितीय उपाध्यक्ष सुश्री अमिता धाख्वाले स्वागत मन्तव्य दिएका थिए, प्रगति प्रतिवेदन शिक्षालयका सचिव एवं सञ्चालक देवेन्द्र शाक्यले तथा आर्थिक प्रतिवेदन कोषाध्यक्ष अ. धरणी गुरुमाले दिनुभएको थियो । सोही कार्यक्रममा २० औं वक्तृत्व कला पर्वमा उत्कृष्ट रहेको रूवी शाक्यको वक्तृत्व पनि प्रस्तुत भएको थियो भने अभिभावकको तर्फबाट मन्जु शाक्यले बोलेकी थिइन् । उक्त कार्यक्रममा प्रेरणा स्वरूप सर्वोत्कृष्ट तथा उत्तीर्ण विद्यार्थीहरूलाई माननीय मन्त्रीज्यूबाट, शिक्षालयका विशिष्ट संरक्षक मोतिलाल शिल्पकार, डा. चन्द्रेश तुलाधर, रत्नमाया शाक्य आदिले पुरस्कार वितरण गर्नुभएको थियो । साथै यस शिक्षालयका प्रथम उपाध्यक्ष अ. ञाणशीला गुरूमाले माननीय मन्त्रीज्यूलाई सम्भनाको कोशेली पनि प्रदान गरेका थिए । यस केन्द्रबाट ४ जना विद्यार्थीहरूले बोर्ड प्राप्त गरेका थिए ।

### दीपंकर परियत्ति शिक्षालय तथा आदर्श सरल मा. वि. मा संयुक्त पुरस्कार वितरण

वि.सं. २०६९ श्रावण २५ गते विहीबारको दिन यी केन्द्रहरूमा संयुक्त पुरस्कार वितरण कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा दीपंकर परियत्ति शिक्षालयका केन्द्राध्यक्ष सुश्री अमिता धाख्वाले स्वागत मन्तव्य दिएका थिए, प्रगति प्रतिवेदन शिक्षिका विद्या शाक्यले तथा आर्थिक प्रतिवेदन कोषाध्यक्ष बोधिरत्न शाक्यले दिएका थिए । सोही कार्यक्रममा परियत्तिका विद्यार्थीहरूका तर्फबाट नाटक प्रस्तुती साथै वक्तृत्व कला प्रस्तुती गरिएको थियो । उक्त कार्यक्रममा प्रमुख अतिथि मोतिलाल शिल्पकारले पुरस्कार वितरण गरेका थिए । सोही कार्यक्रममा सह-केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु निग्रोधको पनि समुपस्थिती थियो । त्यस्तै धन्यवाद ज्ञापन उपाध्यक्ष हेराकाजी शाक्यले दिएका थिए । ◆◆◆

## निर्वाण कामना



भिक्षु बुद्धघोष महास्थविर
जन्म : बि.सं. १९७८ आश्विन शुक्ल एकादशी
दिवंगत : बि.सं. २०६८ आश्विन ७ गते

ने.बौ.प.शिक्षाका संस्थापक तथा आजीवन शिक्षाध्यक्ष संघनायक भिक्षु बुद्धघोष महास्थविर तथा संघ उपनायक त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविरद्वयको गुणानुस्मरण गर्दै वहाँहरूको निर्वाण कामना गर्दछौं ।

ने.बौ.प. शिक्षा परिवार



भिक्षु कुमार काश्यप महास्थविर
जन्म : बि.सं. १९८३ श्रावण ८, नवमी
दिवंगत : बि.सं. २०६८ फागुन १४ चतुर्थी

बु. सं. २५५५ (वि.सं.२०६८) वर्षको ने. बौ. प. शि.को ४९ औं दीक्षान्त समारोहमा पदक, उपहार तथा नगद पुरस्कारको लागि सहयोग गरिदिनुहुने दाताहरुको नामावली

| क.सं. | विद्यार्थी | केन्द्र | कक्षा | श्रेणी | धर्मरत्न शाक्य र जुजुभाई तुलाधर | पदक दाता | जितबहादुर बज्राचार्य, पुल्चोक रू. ६,६००/- | प्रज्ञानन्द स्मृति सिरपा: रू. ४,०००/- | ईश्वरीदास मधिकमि, राजतिर्थ सपरिवार ११,०००/- | भिक्षु बुद्धघोष परियत्ति पुरस्कार ६,५००/- | ओमप्रकाश रुङटा, बखुण्डोल रू २,८००/- | अ.सुशीला स्मृति सिरपा: (चैत्य) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भिक्षु अमतो | विश्व शान्ति विहार प. केन्द्र, मीनभवन | १० | बोर्ड प्रथम | कोविद स्वर्णपदक | आर. बी. बन्द्य, प्यूखा | १,०००/- | १,०००/- | २,५००/- कुञ्जिका प्रसाई | | | |
| २ | अ. ध्यानवती | धर्मकीर्ति वि. प. केन्द्र, श्रीघ: | १० | बोर्ड द्वितीय | कोविद स्वर्णपदक | विश्व धर तुलाधर, जनबहाल | | ६००/- | | २,०००/- | | कृष्णमान शाक्य |
| ३ | मीना तुलाधर | धर्मकीर्ति वि. प. केन्द्र, श्रीघ: | १० | द्वितीय श्रेणी | कोविद स्वर्णपदक | | | २००/- | | | | |
| ४ | अ. करुणावती | धर्मकीर्ति वि. प. केन्द्र, श्रीघ: | १० | द्वितीय श्रेणी | कोविद स्वर्णपदक | | | २००/- | | | | |
| ५ | भिक्षु ज्ञानेन्द्र | अ. बुद्ध प. उदय विहार, बुटवल | १० | द्वितीय श्रेणी | कोविद स्वर्णपदक | | | २००/- | | | | |
| ६ | सुनिता महर्जन | जितापुर गन्धकुटी विहार, खोकना | १० | द्वितीय श्रेणी | कोविद स्वर्णपदक | | | २००/- | | | | |
| ७ | पूर्ण ब. तारामी मगर | अ. बुद्ध प. उदय विहार, बुटवल | १० | द्वितीय श्रेणी | कोविद स्वर्णपदक | | | २००/- | | | | |
| ८ | अनिता डंगोल | पुण्य उदय विहार परियत्ति केन्द्र, हरिसिद्धि | १० | द्वितीय श्रेणी | कोविद स्वर्णपदक | | | २००/- | | | | |
| ९ | अमृत शोभा शाक्य | धर्मकीर्ति वि. प. केन्द्र, श्रीघ: | १० | द्वितीय श्रेणी | कोविद स्वर्णपदक | | | २००/- | | | | |
| १० | चिनीकाजी महर्जन | धर्मकीर्ति वि. प. केन्द्र, श्रीघ: | १० | तृतीय श्रेणी | कोविद स्वर्णपदक | | | २००/- | | | | |
| ११ | लक्ष्मी हीरा स्थापित | धर्मकीर्ति वि. प. केन्द्र, श्रीघ: | १० | तृतीय श्रेणी | कोविद स्वर्णपदक | | | २००/- | | | | |
| १२ | भिक्षु बुद्धपियो | विश्व शान्ति विहार प. केन्द्र, मीनभवन | ७ | बोर्ड प्रथम | | अष्टरत्न/रत्नदेवी धाख्वा, नागबहाल | ७००/- | २००/- | २,०००/- कुञ्जिका प्रसाई | | | |
| १३ | अ. अरियञाणी | श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय, थैना | ७ | बोर्ड द्वितीय | | प्रेमलाल श्रेष्ठ, नयाँ बानेश्वर | ५००/- | २००/- | | १,०००/- | | बुद्धदास शाक्य |
| १४ | भिक्षु बोधिज्ञान | ज्ञानकीर्ति विहार प. केन्द्र, नयाँबजार | ७ | बोर्ड तृतीय | | रुद्र बहादुर खड्गी, चसान | ३००/- | २००/- | | | ४००/- | |
| १५ | अ. पवरञाणी | दीपंकर प. शिक्षालय, नागबहाल | ६ | बोर्ड प्रथम | | मोतिलाल शिल्पकार मानभवन | ६००/- | | १,५००/- कुञ्जिका प्रसाई | | | दानमान शाक्य |
| १६ | अर्चना शाक्य | आनन्द विहार प. केन्द्र, पाल्पा | ६ | बोर्ड द्वितीय | | धर्म ब. धाख्वाको पुण्य स्मृतीमा तोय ब. धाख्वा | ४००/- | | | १,०००/- | | |
| १७ | यशु महर्जन | अमृत बौद्ध प. शिक्षालय, स्वयम्भू | ६ | बोर्ड तृतीय | | धनबहादुर नकर्मी, ढल्को | २००/- | | | | ४००/- | |
| १८ | उत्तरा बज्राचार्य | दीपंकर प. शिक्षालय, नागबहाल | ५ | बोर्ड प्रथम | | पञ्चवीर सिंह, पुष्पादेवी तुलाधर | ५००/- | | १,०००/- शारदा प्रधान | | | |
| १९ | श्रा. विमलो | विश्व शान्ति विहार प. केन्द्र, मीनभवन | ५ | बोर्ड द्वितीय | | पञ्चवीर सिंह, पुष्पादेवी तुलाधर | ३००/- | | | ५००/- | | |
| २० | श्रा. कोविद | अ. बुद्ध प. उदय विहार, बुटवल | ५ | बोर्ड तृतीय | | पञ्चवीरसिंह, पुष्पादेवी तुलाधर | २००/- | | | | ४००/- | |
| २१ | सृजना शोभा राय | अ. बुद्ध प. उदय विहार, बुटवल | ४ | बोर्ड प्रथम | | दुण्डबहादुर बज्राचार्य, वनबहाल | ४००/- | | १,०००/- शारदा प्रधान | | | |
| २२ | जगदिश श्रेष्ठ | अमरापुर विहार परियत्ति केन्द्र, बुंगमती | ४ | बोर्ड द्वितीय | | हेरादेवी शाक्य, बौद्ध | २००/- | | | ५००/- | | |
| २३ | नमिता श्रेष्ठ | जितवन बौद्ध विहार प. केन्द्र, थानकोट | ४ | बोर्ड तृतीय | | बाबुकाजी शाक्य, लगनखेल | १००/- | | | | ४००/- | |
| २४ | निरु शाक्य | श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय, थैना | ३ | बोर्ड प्रथम | | आभासमान सिं तुलाधर | ३००/- | | १,०००/- शारदा प्रधान | | | |
| २५ | कविता तामाङ | जितवन बौद्ध विहार प. केन्द्र, थानकोट | ३ | बोर्ड द्वितीय | | संघरत्न शाक्य, भक्तपुर | १००/- | | | ५००/- | | |
| २६ | निकी शाक्य | श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय, थैना | ३ | बोर्ड तृतीय | | आभासमान सिं तुलाधर | १००/- | | | | ४००/- | |
| २७ | अनु गणेश | श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय, थैना | २ | बोर्ड प्रथम | | हेराकाजी शाक्य, ओकुबहाल | २००/- | | १,०००/- ईश्वरीदास मधिकमि | | | |
| २८ | वृन्दा महर्जन | वेलुवनाराम विहार, थेचो | २ | बोर्ड द्वितीय | | पूर्ण ब. मानन्धर, चसान | १००/- | | | ५००/- | | |
| २९ | कोमल लक्ष्मी शाक्य | यशोधरा बौद्ध प. केन्द्र, थैना | २ | बोर्ड तृतीय | | विश्व धर तुलाधर, जनबहाल | १००/- | | | | ४००/- | |
| ३० | अ. कीर्तिवती | धर्मकीर्ति वि. प. केन्द्र, श्रीघ: | १ | बोर्ड प्रथम | | मखनलाल श्रेष्ठ, मीनभवन | १००/- | | १,०००/- ईश्वरीदास मधिकमि | | | |
| ३१ | करुणा महर्जन | वेलुवनाराम विहार, थेचो | १ | बोर्ड द्वितीय | | मैत्री शाक्य, प्रयागपोखरी | १००/- | | | ५००/- | | |
| ३२ | दिप्ती बज्राचार्य | आनन्द विहार प. केन्द्र, पाल्पा | १ | बोर्ड तृतीय | | मदन बहादुर तुलाधर | १००/- | | | | ४००/- | |

# बु.सं. २५५५ (वि.सं. २०६८) को परीक्षा परिणाम

| क्र.सं. | केन्द्रको नाम | आवेदन दिने | परीक्षा दिने | बोर्ड | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | जम्मा उत्तीर्ण |
|---|---|---|---|---|---|---|---|---|
| १ | शाक्यसिंह परियत्ति तथा प्रौढ शि., थैना | १०१ | ८८ | ४ | ३१ | ३८ | १२ | ८५ |
| २ | धर्मकीर्ति विहार प. केन्द्र, श्रीघः | ९४ | ७४ | २ | ३२ | ३२ | ४ | ७० |
| ३ | यशोधरा बौद्ध प. केन्द्र, थैना | १०३ | ६९ | १ | २५ | २३ | ११ | ६० |
| ४ | न. म. श्रीकीर्ति विहार ,कीर्तिपुर | ५१ | ३८ | ० | १७ | ८ | ४ | २९ |
| ५ | प्रणिधिपूर्ण महाविहार, बलम्बु | ३९ | ३४ | ० | ८ | १८ | ३ | २९ |
| ६ | ज्योति विहार प. केन्द्र, चापागाउँ | ३३ | ३० | ० | १६ | ६ | ३ | २५ |
| ७ | दीपंकर परियत्ति शिक्षालय, नागबहाल | ५६ | ४७ | २ | १७ | १६ | ८ | ४३ |
| ८ | मुनि विहार प. केन्द्र, भक्तपुर | ६२ | ५४ | ० | ३२ | १२ | ८ | ५२ |
| ९ | जितापुर गन्धकुटी विहार,खोकना | २७ | १६ | ० | १० | ५ | ० | १५ |
| १० | परोपकार मा.वि., भीमसेनस्थान | ४५ | २२ | ० | ५ | ८ | ५ | १८ |
| ११ | अमरापुर बुद्ध विहार, बुंगमती | २५ | १५ | १ | ११ | ३ | ० | १५ |
| १२ | विश्व शान्ति विहार, मीनभवन | ४३ | ३६ | ३ | १७ | ९ | ४ | ३३ |
| १३ | सिद्धिमंगल विहार, ठसि | ५८ | ४२ | ० | २२ | ४ | ४ | ३० |
| १४ | वेलुवनाराम विहार, थेचो | ८५ | ४९ | २ | २१ | १२ | १० | ४५ |
| १५ | बौद्ध जन विहार, सुनाकोठी | ३५ | २० | ० | २ | ७ | २ | ११ |
| १६ | अमृत बौद्ध प. शिक्षालय, स्वयम्भू | २० | १३ | १ | ८ | २ | ० | ११ |
| १७ | लुम्बिनी परियत्ति केन्द, लुम्बिनी | ८१ | २८ | ० | ८ | १० | २ | २० |
| १८ | जगत सुन्दर ब्वनेकुथी, चागल | ७७ | ४९ | ० | ९ | १५ | १५ | ३९ |
| १९ | बोधिचर्या विहार,बनेपा | २५ | १८ | ० | १३ | ४ | १ | १८ |
| २० | सुवर्ण छत्रपुर विहार,लुभु | ५९ | ४६ | ० | २३ | ९ | ४ | ३६ |
| २१ | ज्ञानज्योति परियत्ति केन्द्र, ठमेल | ३३ | २३ | ० | १४ | ७ | २ | २३ |
| २२ | सुलक्षणकीर्ति विहार, चोभार | ३७ | २५ | ० | १२ | ६ | ५ | २३ |
| २३ | रानीपानी परियत्ति केन्द्र, रानीपानी | २४ | २० | ० | १ | ८ | ९ | १८ |
| २४ | यशोधरा बौद्ध विहार (गुम्बा), झापा | २७ | १७ | ० | १ | ३ | १० | १४ |
| २५ | बुद्धभूमि बौद्ध प. केन्द्र, टोखा | ३८ | ३३ | ० | २३ | ५ | ३ | ३१ |
| २६ | नगदेश बुद्ध विहार, नगदेश | १० | १० | ० | ९ | ० | ० | ९ |
| २७ | आनन्दकुटी विद्यापीठ,स्वयम्भू | २० | १२ | ० | ० | २ | २ | ४ |
| २८ | अन्तर्राष्ट्रिय बुद्ध प.उ. विहार, बुटवल | ७७ | ५३ | २ | १३ | १९ | ७ | ४१ |
| २९ | धर्मशीला बुद्ध विहार, पोखरा | ४३ | ३० | ० | २२ | ५ | ३ | ३० |
| ३० | आनन्द विहार,तानसेन, पाल्पा | ६९ | ५२ | २ | ३९ | ८ | २ | ५१ |
| ३१ | माझखण्ड बुद्ध विहार, माझखण्ड | ६२ | ५३ | ० | १ | १६ | २० | ३७ |
| ३२ | गणमहाविहार प. केन्द्र, गणबहाल | १७ | १३ | ० | १० | ३ | ० | १३ |
| ३३ | शान्तिश्री बुद्ध विहार,वामी टक्सार,गुल्मी | ११ | ७ | ० | ० | ६ | ० | ६ |
| ३४ | सुगन्ध विहार, रिडी, गुल्मी | २९ | २५ | ० | ११ | १० | ४ | २५ |
| ३५ | धर्मकीर्ति बसुन्धरा प. के., बसुन्धरा | २६ | २५ | ० | १४ | ८ | ३ | २५ |
| ३६ | जितवन विहार प. के., थानकोट | १३ | ११ | २ | ३ | ३ | ३ | ११ |
| ३७ | श्री सम्यक् शिक्षा प्रा. वि.,धरान | ९४ | ८२ | ० | १६ | ३६ | २८ | ८० |
| ३८ | बौद्ध शान्ति परियत्ति केन्द्र ,बुलु | ३७ | २३ | ० | १२ | ५ | ६ | २३ |
| ३९ | मातातीर्थ बौद्ध प. शिक्षा, मातातीर्थ | २२ | १२ | ० | ४ | ७ | १ | १२ |
| ४० | धापाखेल प.शिक्षा सदन,धापाखेल | १४ | ९ | ० | ७ | १ | ० | ८ |
| ४१ | पुण्य उदय विहार, हरिसिद्धि | २२ | १८ | ० | २ | ९ | १ | १२ |
| ४२ | पाटी विहार प. केन्द्र, म. ठिमी | ४९ | ३७ | ० | १८ | ११ | ७ | ३६ |
| ४३ | मेत्ता प. शिक्षा केन्द्र, लुम्बिनी | ६१ | ४० | ० | ४ | १० | १४ | २८ |
| ४४ | सनराइज इङ्गलिस से. स्कूल, सैंबु | १६ | ९ | ० | ८ | १ | ० | ९ |
| ४५ | ज्ञानकीर्ति वि. प. केन्द्र, नयाँबजार | २४ | २२ | १ | ७ | १२ | ० | २० |
| ४६ | सिद्धार्थ प. शिक्षा केन्द्र, सुर्खेत | १७ | १४ | ० | २ | १ | ८ | ११ |
| ४७ | आदर्श सरल मा. वि., नागबहाल | १० | ८ | ० | ० | ० | ० | ० |
| ४८ | पद्मचैत्य परियत्ति केन्द्र, बुटवल | ३१ | २५ | ० | १३ | ९ | २ | २४ |
| ४९ | तौलेश्वर संस्कृत मा. वि., कपिलवस्तु | ५१ | ३३ | ० | ३ | २ | १५ | २० |
| ५० | धर्मभूमि महाविहार प.केन्द्र, साँखु | ३३ | ३० | ० | २० | ४ | ५ | २९ |
| ५१ | दो.चेन.पेमा.लिङ प. केन्द्र,रयाले, काभ्रे | १३ | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | २१४९ | १५५९ | २३ | ६१६ | ४५८ | २६० | १२८४ |
| | **प्राइभेट** | | | | | | | |
| १ | डी. ए. भी. विद्यालय, जावलाखेल | ८३३ | ८०२ | ० | २२९ | १६२ | १६३ | ५५४ |
| २ | स्वर्णिम शिक्षा सदन, भुरुङ्खेल चौर | ४३ | ४३ | ० | १० | १० | ८ | २८ |
| ३ | श्री बालकुमारी मा. वि., प्रयागपोखरी | ४१ | ४१ | ० | ५ | १५ | २१ | ४१ |
| ४ | आदर्श सरल मा. वि., नागबहाल | ३१ | ३१ | ० | १८ | ९ | ४ | ३१ |
| ५ | धर्मशीला बुद्ध विहार, पोखरा | १७५ | १७५ | ० | ५८ | ४६ | ६४ | १६८ |
| ६ | जयमंगल विहार प. केन्द्र, सुन्धारा | ४१ | ४१ | ० | ३४ | ७ | ० | ४१ |
| ७ | परोपकार उ. मा. वि., भिमसेनस्थान | २४ | २४ | ० | ६ | ७ | ८ | २१ |
| ८ | यशोधरा बौद्ध मा. वि., थैना | ५३ | ५३ | ० | ५० | ३ | ० | ५३ |
| ९ | चाँदनी मा. वि., शंखमूल | ३५ | ३५ | ० | २६ | ५ | ४ | ३५ |
| १० | पाटी विहार प. केन्द्र, म. ठिमी | ८० | ८० | ० | १४ | २८ | ३१ | ७३ |
| ११ | कान्ति ईश्वरी रा. ल. मा. वि., प्याफल | १८ | १८ | ० | ५ | ५ | ७ | १७ |
| | जम्मा | १३७४ | १३४३ | ० | ४५५ | २९७ | ३१० | ८६३ |
| | नियमित र प्राइभेट जम्मा | ३५२३ | २९०२ | २३ | १०७१ | ७५५ | ५७० | २१४७ |

# अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित
# नेपाल बौद्ध परियत्ति शिक्षा
# परीक्षा तलिका बु.सं. २५५६

### समय बिहानको ७:३० – १०:३०

| कक्षा स्तर | माघ १३ गते शनिबार | माघ १५ गते सोमबार | माघ १७ गते बुधबार | माघ १९ गते शुक्रबार |
|---|---|---|---|---|
| १. प्रारम्भिक प्रथम वर्ष | प्रथम पत्र | | | |
| २. प्रारम्भिक द्वितीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | | |
| ३. प्रारम्भिक तृतीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | | |
| ४. प्रवेश प्रथम वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ५. प्रवेश द्वितीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ६. प्रवेश तृतीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र |

### समय बिहानको ७:३० – १० :३०

| कक्षा स्तर | माघ २० गते शनिबार | माघ २३ गते मंगलबार | माघ २६ गते शुक्रबार | माघ २९ गते सोमबार | फागुन ३ गते विहिबार | फागुन ६ गते आइतबार |
|---|---|---|---|---|---|---|
| उपाधि परीक्षा (७) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | |
| कोविद प्रथम वर्ष (८) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| कोविद मध्यम वर्ष (९) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| कोविद अन्तिम वर्ष (१०) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |

## परीक्षा सम्बन्धी अन्य जानकारीहरू

**परीक्षा प्रवेश शुल्क :**

क) प्रा. प्र. वर्ष (कक्षा १) देखि प्रवेश तृतीय वर्षसम्म प्रति पत्रको रू. २०/-

ख) सद्धम्मपालक उपाधि - कोविद अन्तिम वर्ष (कक्षा १०) सम्म प्रतिपत्रको रू. ३०/-, प्रति फारम रू. २/-

१. परीक्षाको आवेदन फाराम वितरण – वि. स. २०६९ कार्तिक १ गते बुधबार
२. आवेदन फाराम बुझाई सक्नु पर्ने – वि. सं. २०६९ मंसिर १७ गते आइतबार
३. ढिलो दस्तुर सहित आवेदन फारम बुझाउने अन्तिम मिति – वि.सं. २०६९ पुष ६ गते शुक्रबार
४. प्रवेश पत्र (अर्ध कट्टी) वितरण – वि. सं. २०६९ पुष १३ गते शुक्रबार
५. परीक्षा नामावली र प्रवेश पत्रमा त्रुटी सच्याई सक्नुपर्ने – वि. सं. २०६९ पुष २२ गते आइतबार
६. परीक्षा परिणाम प्रकाशन – वि. सं.२०६९ चैत्र १ गते विहीबार सन्ध्या टाइम्स् दैनिकमा
७. दीक्षान्त समारोह – वि. सं. २०६९ चैत्र २४ गते शनिबार
८. परीक्षा माध्यम – नेपालभाषा, नेपाली र अंग्रेजी
९. मौखिक परीक्षा व्यवस्था – प्रारम्भिक तृतीय वर्ष (कक्षा ३) सम्म
१०. सद्धम्मपालक उपाधि (कक्षा ७) देखि कोविद अन्तिम वर्ष (कक्षा १०) सम्म ऐच्छिक विषय - पालि भाषा/अभिधर्म

**प्राइभेट परीक्षा सम्बन्धी जानकारी**

विशेष व्यवस्था भए अनुसार पूर्व स्वीकृति बमोजिम प. स. पा. को प्रारम्भिक प्रथम वर्ष, प्रारम्भिक द्वितीय वर्ष र प्रारम्भिक तृतीय वर्षको परीक्षा आ-आफ्नो केन्द्रमा परीक्षा लिने, अनि परीक्षा फल मात्र केन्द्रीय कार्यालयमा पठाउने गरी परीक्षा लिन सकिनेछ ।

ढिलो दस्तुर प्रति दिन रू. २ का दरले लिइनेछ । पुष ६ गते भन्दा पछि आएको आवेदन कडाइका साथ कुनै पनि हालतमा स्वीकार्य हुनेछैन । ~~ढिलो दस्तुर प्रति दिन रू. २ का दरले लिइनेछ । पुष २ गते भन्दा पछि आएको आवेदन कडाइका साथ कुनै पनि हालतमा स्वीकार्य हुनेछैन ।~~